नेपाल सरकार
संघीय मामील तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय
# भक्तपुर

## मिति २०७१ श्रावण २८ र २९ गते आयोजित
## आ.व. २०७०/७१ को वार्षिक समीक्षा गोष्ठी को निचोड

जिल्ला विकास समितिको कार्यालय भक्तपुरले आ.व. २०७०।७१ मा गरेका कार्यहरुको वार्षिक समीक्षा कार्यक्रम मिति २०७१ श्रावण २८ र २९ गते जिविसको सभाकक्षमा आयोजना गरेको थियो । श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री अनिल कुमार ठाकुर ज्यूको प्रमुख अतित्थ्यतामा सम्पन्न भएको कार्यक्रममा स्थानीय विकास अधिकारी श्री अर्जुनकुमार थापा ज्यूले सभापतित्व गर्नु भएको थियो । यसै गरी दुवै दिनको कार्यक्रममा विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गाविस सचिवहरु, विभिन्न संचार  माध्यमका प्रतिनिधिहरु, गैसस, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि लगायत जिविस तथा प्राविधिक कार्यालयका प्रतिनिधिहरु समेत गरी दुवै दिनमा गरी २५० जना भन्दा बढिको उपस्थिति रहेको थियो ।

कार्यक्रमको निर्धारित कार्य योजना अनुसार पहिलो दिन विभाजित समितिहरु : आर्थिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र वन तथा वातावरण समिति अन्तर्गतका कार्यालयहरुले आफूले आ.व. २०७०/७१ मा गरेका कार्यहरुको भौतिक तथा आर्थिक प्रतिवेदन पेश गर्दै उल्लेखनीय कार्य, समस्या एवं चुनौतीको चर्चा गरेका थिए । आर्थिक विकास समितिको तर्फबाट जिल्ला कृषि विकास कार्यालय, डिभिजन सहकारी कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र भक्तपुर उद्योग वाणिज्य संघले आ.व. २०७०/७१ मा गरेको कार्यको प्रगति प्रस्तुत गरेका थिए । यसै गरी दोश्रो चरणमा भौतिक पूर्वाधार विकास समिति अन्तर्गत पर्ने खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन सडक कार्यालय, काठमाडौ उपत्यका विकास प्राधिकरण, नेपाल विद्युत प्राधिकरण, भक्तपुर र गठ्ठाघरले पनि आफूले विगत आ.व. २०७०/७१ मा गरेका उल्लेखनीय कार्य सहित भौतिक र आर्थिक प्रगति विवरण पेश गरेका थिए । प्रत्येक समितिको छुट्टाछुट्टै अन्तरकृया पश्चात सामाजिक विकास समितिको तर्फबाट जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला खेलकुद विकास समिति, स्थानीय शान्ति समितिबाट पनि आ.व. २०७०/७१ मा भए गरेका क्रियाकलापहरुको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन प्रस्तुत भयो । यसैगरी वन तथा वातावरण समिति अन्तर्गत जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, काठमाडौं, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघको प्रस्तुति रहेको थियो ।

पहिलो दिनको विभिन्न कार्यालयहरुको प्रस्तुति उपर विभिन्न टिप्पणी एवं सुझावहरु प्राप्त भएका थिए । जिल्ला सडक कार्यालय लाई सल्लाघारी ब्यासी सडक खण्डको बारेमा पत्रकार तथा राजनितिक दलका प्रतिनिधि ज्यूहरुको जिज्ञासा राख्नु भएको थियो र प्रस्तुत गरिएका प्रगति उपर टिप्पणीको क्रममा विशेष गरी डिभिजन सडक कार्यालयले गरेका कार्यहरुमाथि सहभागीहरुले आलोचना गरेका थिए । । यसै सन्दर्भमा प्रमुख जिल्ला अधिकारी श्री अनिल कुमार ठाकुर ज्यूले छिटो भन्दा छिटो काम सम्पन गराउन निर्देशन दिनु भएको थियो । जिल्ला कृषि कार्यालयले कृषि वालीमा लाग्ने विभिन्न रोगहरु देखिएकोले सो को अनुगमन गर्नुपर्ने तथा तरकारीहरुमा किटनाशक औषधीको प्रयोग भन्दा घरेलु प्रविधिबारे जनचेतना फैलाउनुपर्ने, Agro-tourism base Home stay  लाई कृषि कार्यालय र जिविसले संयुक्त रुपमा संचालन गर्नुपर्ने । त्यसैगरी सडक निर्माण गर्दा डिभिजन सडक कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र नेपाल टेलिकम बीच समन्वयमा गर्नु अति जरुरी रहको र गुणस्तरमा ध्यान दिनुपर्ने समेत सहभागीहरुको सुझाव थियो ।  कुनैपनि सार्वजनिक

निर्माण सुधार कार्यमा दोहोरोपना नहोस् भनेर सरकारी कार्यालय बिच समन्वय हुनुपर्ने र सडक निर्माण कार्य गर्दा वन विनासलाई ध्यान दिई वातावरण मैत्री विकास कार्य गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो । भक्तपुर जिल्लालाई पुर्ण सरसफाई युक्त क्षेत्र घोषणा गर्ने अभियान सँगै सरसफाई एवं खानेपानी व्यवस्थापनमा समेत ध्यान दिनुपर्ने कुरा उठेको थियो । उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा प्राविधिक सहयोग सहज हुनुपर्ने र योजना तथा कार्यक्रमहरुको अनुगमन प्रभावकारी बनाउनुपर्ने समेत ध्यानाकर्षण गराइयो ।

दोस्रो दिनको कार्यक्रममा गैसस तथा निजी क्षेत्र अन्तर्गतका विभिन्न गैसस, उद्योग वाणिज्य संघ, पत्रकार महासंघ लगायत अन्य गैसस गरी जम्मा २० वटा संस्थाले पनि आफूले विगतमा गरेको कार्यहरुको प्रगति विवरण प्रस्तुत गरेका थिए । सोही दिन पहिलो दिन छुटेका र सो अन्तर्गतको ग्रामीण पुननिर्माण तथा पुनर्स्थापना आयोजना कार्यालयको पनि वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

सहभागीहरुले स्थानीय निकायले आन्तरिक श्रोत वृद्धिका लागि सक्दो प्रयास गर्नुपर्ने, भक्तपुर जिल्लाभित्र मनोहरा नदी लगायत अन्य क्षेत्रमा भैरहेको वालुवा चोरी नियन्त्रण गर्नुपर्ने तथा वालुवा खानी संचालन व्यवस्थित गर्नुपर्ने र चाँगु नारायण मन्दिर क्षेत्रमा वालुवा खानी संचालन गर्न नहुने कुरा औंल्याउनु भएका थिए ।

प्राप्त गुनासो तथा राय सुझाव माथि सम्बन्धित कार्यालय एवं संघसंस्थाका प्रमुखहरुबाट अन्तर्क्रियात्मक रुपमा जवाफ दिनुभएका थिए ।

कार्यक्रमको अन्त्यमा स्थानीय विकास अधिकारी श्री अर्जुनकुमार थापा ज्यूले सबै संघसंस्थाबाट प्राप्त उपलब्ध, समस्या तथा सुझावका बारेमा एक अर्कालाई जानकारी गराउने, जवाफदेहिता र पारदर्शिताका लागि समीक्षा गोष्ठी एक हिसाबले मञ्च भएको कुरा बताउनु भयो । आ-आफ्नो संस्थाको आन्तरिक श्रोतको परिचालनमा विशेष ध्यान दिन जोड दिनु हुँदै उहाँले जिविसको मात्र मुख ताक्ने प्रवृत्ति अन्त गर्नुपर्नेमा पनि जोड दिनुभयो । विभिन्न कार्यालयबाट आउनु भएका सहभागीहरुको प्रस्तुति एवं सहभागिताका लागि धन्यवाद दिंदै कार्यक्रम समापनको घोषणा गर्नु भएको थियो ।

१६ वटै गाउँ विकास समितिहरुले आ.व. २०७०/७१ मा संचालन गरेका क्रियाकलापहरुको समीक्षा सम्पन्न गरेको जानकारी जिल्ला विकास समितिमा प्राप्त भएको छ । गाविसहरुको समीक्षा प्रतिवेदन अध्ययन गर्दा अधिकांश खर्च सडक निर्माणमा भएको देखिएको छ । त्यसपछि खानेपानी, विद्यालय भवन पर्दछन् । आर्थिक, सामाजिक पूर्वाधार तथा लक्षित वर्गको प्रत्यक्ष हीत हुने कार्यमा कमै रकम खर्च भएको देखिएता पनि लक्षित वर्गको क्षमता विकास र सीप विकासमा रकम खर्च गर्न शुरुवात भएको देखिन्छ । आगामी दिनमा लैङ्गिक समानता तथा समावेशी नीति अनुरुप बजेट विनियोजन तथा खर्च गर्नु पर्ने देखिन्छ ।